गण्डकी प्रदेश सरकार
भौतिक, पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
स्याङ्जा

**राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नका लागि दररेट पेश गर्दा तथा भुक्तानी प्राप्त गर्दा अपनाउनुपर्ने शर्तहरुः-**

१. प्रकाशन हुने सूचनाको सामान्य डिजाइन/सम्पादन एजेन्सीले गर्नुपर्नेछ ।

२. अर्को दिनको लागि प्रकाशन हुने सूचना कार्यालयले अपराह्न सात बजेसम्म उपलब्ध गराउन सक्नेछ, उल्लिखित समय पश्चात प्राप्त सूचनाको प्रकाशन हुन नसक्ने भए सोको पूर्व जानकारी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

३. दररेट पेश गर्दा प्रकाशन संस्थाहरुबाट एक वर्षको लागि स्वीकृत दररेटको सक्कल प्रति सम्बन्धित प्रकाशन संस्थाहरुवाट प्रमाणित गराई दररेट पेश गर्ने एजेन्सीले समेत सहिछाप लगाई पेश गर्नुपर्नेछ ।

४. दररेट पेश गर्दा एजेन्सीले संस्था दर्ता प्रमाणपत्र र नविकरण विवरण, बिज्ञापन बोर्डमा सूचिकृत रहेको प्रमाणपत्र र नविकरण विवरण, स्थायी करदाता प्रमाणपत्र, आ.ब. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र संलग्न गरी सिलबन्दी खाम भित्र राखी सोझै यस कार्यालयमा पेस गर्नुपर्नेछ ।

५. प्रकाशन भएको सूचना त्रुटीरहित, प्रष्ट, स्पष्ट, पठनयोग्य तथा बुझ्न सकिने हुनुपर्नेछ ।

६. एजेन्सी वा प्रकाशन माध्यमको कारणले प्रकाशन भएको सूचनामा कुनै त्रुटी भएमा, प्रकाशन नभएमा, कार्यालयले तोकेभन्दा फरक माध्यममा प्रकाशन भएमा, कार्यालयले उपलब्ध नगराएको सूचना प्रकाशन भएमा सोको जवाफदेहिता सम्बन्धित एजेन्सीको हुनेछ ।

७. त्रुटीपुर्ण प्रकाशन तथा सोका कारण हुने संशोधन बापतको भुक्तानी कार्यालयबाट हुने छैन ।

८. सम्पन्न भएको प्रकाशन बापतको भुक्तानी योग्य विवरण तथा कर विजक प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कार्यालयले कट्टी गर्नुपर्ने नियमानुसारको रकम कट्टी गरी एजेन्सीको बैंक खाता मार्फत गर्नेछ ।

९. एजेन्सीले भुक्तानी माग गर्दा सूचना प्रकाशन भएको दिनको पत्रिकाको एक प्रति, कर बिजक र प्रकाशन संस्थाले एजेन्सीलाई जारी गरेको कर बिजकको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१०. प्रकाशन गृहले सार्वजनिक गरेको आधारभुत दररेट लागू हुनेछ । प्रकाशन गृहले सार्वजनिक गरेको आधारभूत दररेट परिवर्तन भएमा सोको प्रमाण पेश गर्नुपर्नेछ ।

११. सूचना प्रकाशन गर्ने एजेन्सीले शनिबार तथा सार्वजनिक बिदाको दिनमा समेत सेवा प्रदान गर्नुपर्नेछ तर बिदाको दिनमा सेवा आवश्यक हुने भएमा सोको पूर्व जानकारी कार्यालयले एजेन्सीलाई दिइनेछ ।

१२. प्रकाशन हुने सूचना कार्यालयले पत्र, ईमेल, फोन वा अन्य सामाजिक संजाल मार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

१३. एजेन्सीले सूचना प्रकाशित भएको दिनमा प्रकाशित सूचना प्रष्ट देखिने गरेर पत्रिकाको Cutting, Softcopy ईमेल मार्फत पठाउनुपर्नेछ ।

१४. सेवा प्रदायकले पेश गरेको छुट दर (प्रतिशत/रकम) आर्थिक व्रर्ष २०८२/०८३ अवधिभर कायम रहेको मानिनेछ र उक्त अवधिभर छुटदर परिवर्तन गर्न सकिने छैन ।

१५. विभिन्न बिज्ञापन एजेन्सी मार्फत यस कार्यालयमा तोकिएको अवधि भित्र पेस भएका सारभूतरुपमा प्रभावग्राही दररेट (प्रति कोलम सेमी) लाई आधार मानी मूल्यांकन गरिनेछ ।

१६. विज्ञापन एजेन्सीद्वारा पेस भए बमोजिम जस जस प्रकाशन संस्थाको प्रति कोलम सेमि दर न्यूनतम मूल्याङ्कित स्वीकृत हुन्छ सोही प्रकाशन संस्थामा सूचना प्रकाशनका लागि सम्बन्धित विज्ञापन एजेन्सी/हरु सँग आ.व. २०८२/८३ का लागि सम्झौता गरिनेछ।

दयाराम अधिकारी
सि.डि.ई.

१७.बुदाँ नं. १६ बमोजिमको सम्झौताकालागि शर्तहरुः

क. यदि न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही विज्ञापन एजेन्सी एक वा एक भन्दा बढी जतिसुकै हुने अवस्था भएमा, सम्बन्धित प्रत्येक बिज्ञापन एजेन्सीले कार्यसम्पादन जमानत बापत रु. ७५,०००.०० (पचहत्तर हजार रुपैयाँ), मान्य अवधि आ.व. २०८२/८३ + १ महिना बराबरको पेस गर्नुपर्ने छ ।

ख. एकभन्दा बढी एजेन्सी न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएको अवस्थामा कार्यालयले विवेक प्रयोग गरी यथासम्भव बराबर रुपमा सूचना प्रदान गर्ने प्रयास गर्नेछ, यस्तो अवस्थामा सबै एजेन्सीलाई बराबर मूल्यको सूचना प्राप्त नहुने अवस्था पनि रहन सक्नेछ।

ग. न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही एजेन्सीसँग सामान्यतया जुन प्रकाशन संस्थामा कम दर छ सोहीमा प्रकाशन गरिने छ, कुनै विशेष सूचनाहरुको हकमा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही अन्य प्रकाशन संस्थामा समेत प्रकाशन गर्न सकिनेछ ।

घ. सूचना प्रकाशनका लागि सम्झौता भए पश्चात सम्झौताका शर्त उल्लङ्घन गरी एजेन्सीले सूचना प्रकाशन नगरेमा निजको कार्यसम्पादन जमानत बापतको रकम जफत गरी दोस्रो न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही एजेन्सीसँग साबिक बमोजिमको कार्यसम्पादन जमानत लिई सूचना प्रकाशनका लागि सम्झौता गरिनेछ ।यो प्रक्रिया सारभूतरुपमा प्रभावग्राही सूची भएसम्मको अवस्थामा क्रमशः लागु हुनेछ ।

ङ. यस सम्बन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुने छ।

१८. यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गर्ने प्रयास गरिनेछ, यदि समस्या समाधान हुन नसकेमा कार्यालयको निर्णय नै आधिकारिक निर्णय हुनेछ ।

१९. सूचना प्रकाशनमा उल्लेख नभएका अन्य शर्तहरु नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

दयाराम अधिकारी
सि.डि.ई.